नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

अध्यागमन विभागको मौजुदा भिजिट भिषा सम्बन्धी आन्तरिक कार्यविधिमा संशोधन गरी नेपाली महिलाहरू पहिलो पटक जोखिम संभाव्य मुलुकहरूमा पर्यटक भिषामा जाँदा स्थानीय तहको सिफारिसलाई अनिवार्य गर्न लागिएको भन्ने सम्बन्धमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूबाट भईरहेको प्रकाशन, प्रशारण तथा प्रतिक्रिया उपर यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । नेपाली महिलाहरू कतिपय मुलुकहरूमा पर्यटक भिषामा जाँदा हुन सक्ने सुरक्षा लगायतका जोखिमलाई विचार गरी त्यस्ता मुलुकहरूमा हुने भ्रमणलाई सुरक्षित तथा सहज बनाउने तथा पर्यटक भिषाको दुरूपयोग हुन नदिने सम्बन्धमा अन्य विषयमा छलफल भईरहेको भए पनि स्थानीय तहको सिफारिस अनिवार्य हुने गरी कुनै छलफल नभएको तथा यस सम्वन्धी कार्यविधिमा हालसम्म कुनै निर्णय नभएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मितिः २०७७।१०।२९

१०।२९
चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता